स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

ༀ། །ཧེ་ལམ་བུ་ཡུལ་ཚོ་ལས་ཁུངས། །

## सहकारी शाखा

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र सं: २०८२/८३

सूचना नं: ०१

**सहकारी संस्थाहरुले अनिवार्य रुपमा विवरण उपलब्ध गराउने ताकेता सम्बन्धमा।**

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०८/०१ गते)

हेलम्बु गाउँपालिकाबाट जारी सहकारी ऐन, २०७५ को दफा ५२ को उपदफा (१) बमोजिम यस गाउँपालिकाको सहकारी शाखामा दर्ता गरी कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले तोकिएको विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको हुँदा कानून बमोजिम तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित कागजातहरु सहित मिति २०८२/०८/१० गते सम्मको अवधि भित्रमा अनिवार्य रुपमा विवरण उपलब्ध गराईदिनु हुन अनुरोध छ। यसरी विवरण नबुझाउने सहकारी संस्थाहरुलाई नियमानुसार भई जाने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ।

तपसिलः

१. कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,
२. वार्षिक कार्यक्रम, नीति तथा योजना,
३. खुद वचत सम्बन्धी नीति तथा योजना,
४. सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची र सम्पर्क नम्बर,
५. साधारण सभाको बैंठक सम्बन्धी जानकारी,
६. शेयर सदस्य सङ्ख्या र शेयर पूँजी,
७. सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,
८. आ.व. २०८२/८३ मा करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,
९. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
१०. सहकारी दर्ता प्रमाणपत्र (आ.व. २०८२/८३ मा नविकरण भएको) को प्रतिलिपि,
११. स्थानीय कर जस्तैः भाडामा बसेको भए बहाल कर।

बोधार्थः

श्री सूचना प्रविधि शाखाः Website र Facebook Page मा अपलोड गरिदिनु हुन।

...........

बेनि बहादुर मोक्तान
प्रमुख प्रशासकीय अधिकृत

*"हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिकाको निर्माण"*

**E-mail:** helamburm@gmail.com    **Website:** www.helambumun.gov.np